

महामन्त्रीका उम्मेदवार प्रदीप पौडेलको

# प्रतिबद्धता-पत्र

# आदरणीय महाधिवेशन प्रतिनिधि तथा प्रजातन्त्रप्रेमी साथीहरू,

जय नेपाल !

लोकतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा आफ्नो अमूल्य जीवन आहुति दिएका सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। हरेक युगान्तकारी परिवर्तनमा आफूलाई अग्रपंक्तिमा उभ्याउने घाइते तथा अपाङ्गता भएका योद्धाहरूको अदम्य साहस र त्यागलाई हार्दिक नमन गर्दछु। नेपालको राजनीतिक, आर्थिक तथा सामाजिक विकासलाई यहाँसम्म ल्याउन नेपाली कांग्रेसले खेलेको नेतृत्वदायी भूमिकालाई स्मरण गर्दै सम्पूर्ण संस्थापक तथा अग्रज नेताहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु। बदलिएको सन्दर्भ र यसले ल्याएका परिवर्तनहरूमाथि बहस गर्दै यस ऐतिहासिक घडीमा, म प्रदीप पौडेल, महामन्त्री पदको उम्मेदवारका रूपमा पार्टीको वैचारिक पुनर्जागरण, संगठनको सुदृढीकरण र नागरिकको आशालाई समेटेर मुलुकको समग्र रूपान्तरणको लागि संक्षिप्त राजनीतिक-आर्थिक दृष्टिकोण तथा सांगठनिक मार्गचित्र प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## १. नेपाली कांग्रेसको ऐतिहासिक गरिमा

२००७ सालको युगान्तकारी जनक्रान्तिबाट जहानियाँ राणा शासनको अन्त्य गर्दै लोकतन्त्रको विजारोपण, २०१६ सालमा विर्ता उन्मूलन र क्रान्तिकारी भूमिसुधारमार्फत सामाजिक न्यायको जग, २०४६ सालको जनआन्दोलनमार्फत प्रजातन्त्रको पुनरुदय, २०४८ पछि उदार अर्थनीतिमार्फत आधुनिक विकासको ढोका खोल्ने ऐतिहासिक अभिभारा, १० वर्षे माओवादी सशस्त्र द्वन्दलाई शान्तिपूर्ण राजनीतिमा अवतरण गराउँदै २०६२/६३ को दोस्रो जनआन्दोलन र संविधान सभाबाट नेपालको संविधान जारी गरी संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्नेसम्मका हरेक युगान्तकारी परिवर्तनको सफल नेतृत्व नेपाली कांग्रेसले गरेको इतिहास स्वर्णिम अक्षरमा सुरक्षित छ।

आज समय र परिस्थिति बदलिएको छ। विश्वमा र नेपाल भित्र  विकसित पछिल्ला घटनाक्रम र नागरिकमा चुलिएको निराशाले हामीलाई गम्भीर कठघरामा उभ्याएको छ। आज हामी नागरिकको मनमा नेपाली कांग्रेसप्रति भरोसा फर्काउने अग्निपरीक्षाको घडीमा उभिएका छौँ।

हिजोका हाम्रा महाधिवेशन र तिनले तय गरेका ऐतिहासिक नीतिगत निर्णयहरूले आजको दिनसम्म आइपुग्दा सिङ्गो देशलाई लोकतान्त्रिक गणतन्त्रको यस उचाइसम्म ल्याइपुर्याएका छन्। राजनीतिक अधिकारको लडाइँ पूरा भइसकेको आजको सन्दर्भमा नागरिकको जीवनस्तर सुधार, सुशासन र आर्थिक समृद्धिको नवीन कार्यभार पुरा गर्नुपर्ने ऐतिहासिक दायित्व हाम्रो काँधमा आएको छ। हिजोका हाम्रा महाधिवेशन र अग्रजहरूको दुरदृष्टिले आजको दिनसम्म आइपुग्दा सिङ्गो देशलाई अनेकौँ राजनीतिक संकटबाट जोगाउदै  लोकतान्त्रिक मूलधारमा उभ्याएको छ। आज फेरि मुलुकले नेपाली कांग्रेसबाट त्यही स्तरको वैचारिक स्पष्टता, साहसिक र परिपक्व निर्णय तथा युग सुहाउँदो नेतृत्वको अपेक्षा गरेको छ।

त्यसैले, आजको नवीन परिधि, उच्च चेतना , बढ्दो युवा सहभागीता र वदलिदो  आवश्यकताको पृष्ठभूमिमा पार्टी र नेतृत्वले पनि आफुलाई समयानुकुल वैचारिक मन्थन र बहस मार्फत परिमार्जन गर्दै नागरिकको आवश्यकता र चाहना अनुरुप उभ्याउन आम पार्टी सदस्यहरुको आकांक्षा बमोजिम नेपाली कांग्रेसको

रुपान्तरणका लागि लाई मैले यो दस्तावेज प्रस्तुत गर्ने जमर्को गरेको छु।

## २. मुलुकको पछिल्लो राजनीतिक र सामाजिक आयाम

### २.१ राजनीतिक गतिशीलता र नीतिगत विचलन

विश्व मान चित्रमा नेपालको इतिहास गौरवशाली रहे तापनि बदलिँदो विश्व परिवेशमा फेरिंदो शक्ति संघर्ष र रुपान्तरित आर्थिक केन्द्रहरुले परम्परागत सोचहरुलाइ भत्काउदै नयाँ मान्यता विकास गरेका छन्। डिजिटल क्रान्तिले अवसर र चुनौती दुबै थपेको छ। नव युवामा देखिएको विद्रोही राजनीतिक चेतले परम्परागत कार्यशैलीप्रति तीव्र असन्तोष व्यक्त गरिरहेको छ । यसले नेपाली राजनीतिमा नयाँ राजनीतिक परिस्थितिको निर्माण गरेको छ। सूचना प्रविधिका माध्यमबाट सहजै विश्वसँग जोडिएको आजको पुस्ताले कोरा राजनीतिक आश्वासन होइन, तत्काल परिणाम र सम्मानजनक भविष्य खोजिरहेको छ।

कांग्रेसले २०४८ सालमा सुरुगरेको उदार अर्थनीतिको साढे तीन दशकपछि समीक्षा गर्दा आर्थिक विकासमा फड्को मार्न सफल भए तापनि हाम्रो अर्थतन्त्र रेमिट्यान्स र आयातको दुष्चक्रमा फसेको छ। गाउँबस्तीमा रित्तिँदै गएका घरहरू, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षमा देखिएको युवाहरूको लामले हाम्रो जनसाङ्ख्यिक लाभांश त्यसै खेर गइरहेको देखाउछ। स्वदेशमै गुणस्तरीय शिक्षा र स्वास्थ्य, सम्मानजनक रोजगारी तथा उचित आर्थिक वातावरण सिर्जना गर्न नसक्दा आज युवा पलायन रहर नभई बाध्यता बन्न पुगेको छ।

आर्थिक क्षेत्रको यस संरचनागत कमजोरीसँगै राज्य संयन्त्रको कार्यसम्पादन र सेवा प्रवाहमा देखिएको सुस्तताले नागरिकको निराशालाई थप गहिरो बनाएको छ। हामीले निर्माण गरेका लोकतान्त्रिक संस्थाहरूले आम नागरिकलाई सुशासन र सेवा प्रवाहको अनुभूति दिलाउन नसक्दा थुप्रै प्रश्नहरू उब्जिएका छन्। सूचना प्रविधिमा पोख्त र तत्काल परिणाम खोज्ने नयाँ पुस्ताको आकाङ्क्षा र बदलिँदो जनमतले हाम्रा लोकतान्त्रिक संस्थाका कार्यशैली र डेलिभरी क्षमतामाथि गम्भीर प्रश्न उठाइरहेका छन्।

मानवीय गरिमा र समग्र विकासको आधारभूत मापदण्ड मानिने शिक्षा र स्वास्थ्य क्षेत्रलाई राज्यको सर्वोच्च प्राथमिकतामा राखेर आम नागरिकलाई गुणस्तरीय सेवाको प्रत्याभूति दिलाउन हामी अझै चुकिरहेका छौँ। संविधानमा शिक्षा र स्वास्थ्यलाई नागरिकको नैसर्गिक र मौलिक अधिकारका रूपमा स्थापित गरिए तापनि सार्वजनिक विद्यालय र सरकारी अस्पतालहरूको गुणस्तरमा अपेक्षित सुधार ल्याई व्यवहारमा त्यसको अनुभूति दिलाउन सकिएको छैन। हाम्रो शिक्षा प्रणालीलाई परम्परागत ढाँचाबाट माथि उठाएर विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी विद्यालयतहदेखि विश्वविद्यालयसम्म लाई अनुसन्धान र आविष्कारको केन्द्रका रूपमा विकास गर्ने र शैक्षिक पुनर्जागरण ल्याउने कार्यभार अझै अधुरो रहँदा आम नागरिक र युवा पुस्तामा गहिरो छटपटी छ।

अर्कोतर्फ, नेपालको विशिष्ट र संवेदनशील भूराजनीतिक अवस्थितिका कारण शक्ति राष्ट्रहरूबीच बढ्दो रणनीतिक प्रतिस्पर्धामा सन्तुलन मिलाउन नसकिएको अनुभूति भएको छ। त्यस्तै, जलवायु परिवर्तनको तीव्र असर स्वरुप हाम्रा हिमालहरू पग्लिने, अतिवृष्टि र अनावृष्टिका कारण विपद् बढ्ने तथा समग्र कृषि प्रणाली र जनजीविका नै जोखिममा पर्ने जस्ता संकट देखापरेको छ। जलवायु परिवर्तनको यस्तो पेचिलो सवाल अब वातावरणीय न्याय र अन्यायको बहसमा मात्र सीमित नरही

समग्र मानव अस्तित्वकै रक्षाको प्रश्न बन्दै गएको छ। आज, हाम्रा सामु यी र यस्ता थुप्रै राजनीतिक, आर्थिक, सामाजिक, भू-राजनीतिक तथा पर्यावरणीय समस्या र चुनौतीहरू खडा भएका छन्। नागरिकको दैनन्दिन जीवन र राष्ट्रको भविष्यसँग प्रत्यक्ष जोडिएका यस्ता बहुआयामिक प्रश्नहरूको वस्तुनिष्ठ हल हामीले नै खोज्नु छ।

त्यसैले, कांग्रेसको अबको यात्रा आफ्ना आधारभूत सिद्धान्त; राष्ट्रियता, लोकतन्त्र र प्रजातान्त्रिक समाजवाद सँगै बदलिँदो विश्व परिवेश, भू-राजनीतिक जटिलता र नेपाली समाजको सामूहिक मनोविज्ञान सँग तादात्म्य राख्ने व्यावहारिक समायोजनमा आधारित हुनुपर्छ। परिवर्तित समाज अनुरूप पार्टीको वैचारिकी विकास हुनु नै राजनीतिक गतिशीलताको पूर्वशर्त हो। त्यसैले, मुलुकमा देखिएका यावत समस्याहरुको गम्भीर आत्मचिन्तन गर्दै विचारको राजनीतिलाई पुनर्स्थापित गर्नुपरेको छ।

### २.२ नवयुवाको राजनीतिक चेतना र प्रभाव

सूचना प्रविधि र विश्वव्यापीकरणको युगीन प्रभावसँगै हुर्किएको आजको नवयुवा राजनीति र राज्य सञ्चालनमा सचेत हस्तक्षेपकर्ताका रूपमा उदाएको छ। परम्परागत राजनीतिक आस्था र अभ्यास भन्दा माथि उठेर तथ्यमा आधारित परिणाम र जवाफदेहिता खोज्ने आजको पुस्ताले नेपाली राजनीतिको परम्परागत कार्यशैलीलाई प्रष्ट चुनौती दिएको छ। त्यसमाथि पछिल्ला वर्षहरूमा राजनीतिक दलहरुबिचमा भएका नीतिहीन गठबन्धन, सत्ताको अंकगणितीय खेल र दलीय स्वार्थले नीतिगत अस्थिरता र राज्यका अंगहरूको विश्वसनीयतामा गम्भीर ह्रास आएको छ। भ्रष्टाचारका काण्डहरूको समयमा उचित निरूपण नहुनु र सुशासनको अभावले नागरिकमा राज्यप्रणालीप्रति नै अनास्था र विद्रोहको भाव पैदा गरेको छ।

आम नागरिक र विशेषगरी नवयुवाको प्रश्न स्पष्ट छ; जनजीविकामा सुधार, नीतिगत स्थिरता, सुशासनको अनुभूति र रोजगारीको सुनिश्चितता कहिले हुन्छ ? तर, वर्तमानका यी ज्वलन्त प्रश्नको जवाफ दिनुभन्दा अथवा निकास खोज्नु भन्दा विगतका त्यागको मात्र वकालत गरेको भन्ने आरोप हामीमाथि पनि छ। इतिहासको गौरवगाथाले मात्र वर्तमानको समस्या र भविष्यप्रतिको अनिश्चिततालाई सम्बोधन गर्न सक्दैन भन्ने यथार्थलाई अब हामीले विनम्रतापूर्वक स्वीकार्नैपर्छ।

## ३. कम्युनिष्ट दर्शन र लोकरिझ्याइँको राजनीति

आज मुलुकको लोकतान्त्रिक प्रणाली र संवैधानिक अभ्यासमाथि एकातर्फ परम्परागत साम्यवादी जडता र अर्कोतर्फ विचारशून्य लोकरिझ्याइँको दोहोरो चुनौती खडा भएको छ। नेपाली राजनीतिमा व्याप्त वैचारिक अस्पष्टतालाई चिर्दै नेपाली कांग्रेसले अतिवादविरुद्ध आफ्नो लोकतान्त्रिक धारलाई समयसापेक्ष र प्रष्ट पार्न कम्युनिष्ट तथा लोकरिझ्याइँवादी शक्तिहरूको वस्तुनिष्ठ विश्लेषण गर्नैपर्छ।

### ३.१ असान्दर्भिक बन्दै गएको कम्युनिष्ट आन्दोलन

लामो समयसम्म वर्गसंघर्ष र सर्वहारा वर्गको अधिनायकत्वका अव्यावहारिक नाराले जनभावनामा खेलेको कम्युनिष्ट आन्दोलन २१औँ शताब्दीको खुला र वैज्ञानिक चेतनासँगै असान्दर्भिक बन्दै गएको छ। विश्व इतिहास साक्षी छ, जहाँ शास्त्रीय कम्युनिष्ट शासन लागू भयो, त्यहाँ व्यक्तिगत स्वतन्त्रता र मानवअधिकार कुण्ठित मात्र भएनन्, खुला बजार र निजी उद्यमशीलतालाई निषेध गरी राज्य नियन्त्रित अर्थनीति लादिएका ती मुलुकहरू आर्थिक रूपले कमजोर बन्दै गए । नेपालकै सन्दर्भमा

पनि झण्डै दुईतिहाइको जनमत पाउँदा समेत कम्युनिष्टहरूले राष्ट्रलाई राजनीतिक र आर्थिक रुपमा दिशानिर्देश गर्न सकेनन्। उत्पादनको जग नबसाई राज्यको ढुकुटी बाँड्ने वितरणमुखी अर्थनीतिले मुलुकलाई केवल ऋणको भारमा डुबायो। अर्कोतर्फ, संवैधानिक तथा राष्ट्रिय महत्वका संस्थाहरूलाई नियन्त्रण गर्ने र सर्वसत्तावाद लाद्न खोज्ने सत्तामुखी राजनीतिले जनमतको अपमान गर्दै मुलुकलाई पटक पटक अस्थिरताको भुमरीमा धकेलिरह्यो। तर आजको बदलिँदो युगचेतनाले कम्युनिष्ट आन्दोलनलाई राजनीतिक र आर्थिक दुवै रुपमा असान्दर्भिक बनाउदै लगेको छ।

### ३.२ लोकरिझ्याइँ (Populism) को राजनीति

लोकतन्त्रलाई कमजोर बनाउने विश्वव्यापी "लोकरिझ्याइँवाद" को बाछिटा आज नेपाली राजनीतिमा पनि प्रष्ट देखिएको छ। नागरिकमा विद्यमान जायज असन्तोषलाई भजाउँदै पछिल्लो समय विचार, दर्शन र संघर्षको धरातलविना नै लोकरिझ्याइँको राजनीतिक प्रवृत्तिहरू उदाएका छन्। सामाजिक सञ्जालको अल्गोरिदम, आवेगात्मक राष्ट्रवाद र निषेधको राजनीतिमा टिकेका यस्ता शक्तिहरूसँग मुलुक हाँक्ने कुनै दीर्घकालीन दृष्टिकोण छैन। जटिल राष्ट्रिय समस्याको जादुमयी समाधान बाँड्ने यस्ता शक्तिको नीतिगत रिक्तता र संस्थागत अराजकतालाई सचेत नागरिकसामु गएर हामीले स्पष्ट पर्नु पर्दछ। यसका लागि कांग्रेसले आवेगपूर्ण आलोचना होइन, शालीन र तर्कपूर्ण ढङ्गले नागरिकमा साँचो भरोसा जगाउनुपर्दछ।विश्व इतिहासले देखाएको छ विचार, सिद्धान्त तथा  गन्तब्य नभएका यस्ता शक्तिहरुको विलय निकै छिटो हुने गर्दछ ।

## ४. समकालीन नेपालको मूल समस्या

### क. राजनीतिक समस्या

संविधान जारी भई लोकतान्त्रिक गणतन्त्र प्राप्त भए तापनि नागरिकले अपेक्षा गरे अनुरूप राजनीतिक स्थायित्व र शासकीय सुव्यवस्था कायम हुन सकेको छैन। लोकतन्त्रका संवाहक मानिने राजनीतिक दलहरू आम नागरिकबाट टाढिँदै जानु, दलीय नीति-सिद्धान्तप्रति जनविश्वास खस्कनु र राष्ट्रिय स्वार्थका मुद्दामा समेत दलहरूबीच संवादहीनता बढ्नु सबल लोकतन्त्रका लागि शुभसंकेत होइनन्। लोकतन्त्रको प्राण मानिने कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र संवैधानिक तथा राष्ट्रिय निकायहरूको संस्थागत क्षयीकरण भइरहेको छ। विधिको शासन कमजोर बन्दा मौलाएको दण्डहीनता, भ्रष्टाचार र अपारदर्शिताले लोकतान्त्रिक पद्धतिमाथि नै  संकट निम्त्याएको छ। राजनीतिलाई जनसेवाको साटो सत्ताको अंकगणित र भागबण्डामा सीमित गरिँदा आम नागरिकमा राज्यप्रणालीप्रति नै गहिरो अविश्वास पैदा भएको छ। तर यो आक्रोश राजनीति प्रणालीप्रती होइन हाम्रो कार्यशैलीप्रती हो भन्ने सत्यलाई आत्मसात गर्न सक्नु पर्दछ ।

### ख. आर्थिक समस्या

वर्षौंदेखिका राजनीतिक अस्थिरता र परम्परागत उत्पादन प्रणाली तथा अस्पष्ट आर्थिक नीतिका कारण मुलुकमा आर्थिक समृद्धिको बलियो जग बसाल्न सकिएको छैन। राज्यको कमजोर क्षमता र लगानीमैत्री वातावरणको अभावमा उद्यमशीलता फस्टाउन सकेको छैन। हाम्रो आर्थिक कार्यदिशा विरोधाभासपूर्ण छ; हामी समाजवाद र लोककल्याणको चर्चा त गर्छौं तर त्यसको आधारस्तम्भ मानिने लगानी, उत्पादन र निजी क्षेत्रलाई प्रोत्साहन गर्न चुक्छौँ। उत्पादनविनाको वितरण दिगो हुँदैन भन्ने यथार्थ भुल्दा र स्वयं नेपाली कांग्रेससमेत कताकता आफ्नो मौलिक आर्थिक चरित्रबाट विमुख

हुँदा मुलुक आर्थिक सिद्धान्तहीनताको शिकार भएको छ। फलस्वरूप न्यून पुँजीगत खर्च, खुम्चँदो उत्पादनमूलक क्षेत्र, बजेटकै आकारको व्यापार घाटा र उच्च बेरोजगारी हाम्रो नियति बनेको छ। नीतिगत अस्थिरता र झन्झटिलो राज्यसंयन्त्रले लगानीकर्ता हतोत्साहित छन् भने ऊर्जावान् युवाशक्ति श्रम र अध्ययनका नाममा दैनिक पलायन भइरहेको छ। प्रचुर प्राकृतिक स्रोत, जनसाङ्ख्यिक लाभांश र दुई विशाल उदीयमान अर्थतन्त्रबीचको रणनीतिक अवस्थितिका बाबजुद अर्थतन्त्र कमजोर रहनुले हाम्रै नीतिगत असफलतालाई उजागर गर्छ। तसर्थ, अब टालटुले सुधारले मात्र पुग्दैन; अर्थतन्त्रलाई शिथिलताबाट बाहिर निकाल्न स्पष्ट आर्थिक दर्शनसहितको साहसिक संरचनागत सुधार अपरिहार्य भइसकेको छ।

### ग. सामाजिक समस्या

लामो समयदेखि समाजमा व्याप्त आर्थिक-सामाजिक विभेद, वञ्चितीकरण र असमानताका अवशेषहरू अझै पूर्ण रूपमा अन्त्य हुन सकेका छैनन्। संवैधानिक रूपमा सुनिश्चित गरिएका सामाजिक न्याय र समावेशिताका हकहरू व्यवहारमा समाजको पिँधमा रहेका वर्ग र समुदायसम्म पुग्न नसक्दा भुइँतहमा असन्तुष्टि कायमै छ। त्यसमाथि, आज योजनाबद्ध रूपमै :देशमा केही हुँदैन र कोही ठीक छैनन् भन्ने चरम निराशा र नकारात्मक भाष्य स्थापित गर्न खोजिँदै छ। गरिबी र असमानताको दुष्चक्रका बीच युवापुस्तामा बढ्दो आक्रोशलाई भड्काएर नेपालको मौलिक जातीय, धार्मिक र क्षेत्रीय सद्भाव बिथोल्दै राजनीतिक अभीष्ट पूरा गर्ने प्रयास भइरहेका छन्। सामाजिक विश्वास र सहिष्णुता खलबल्याउने यस्ता प्रवृत्तिले राष्ट्रिय एकता र सामर्थ्यलाई नै कमजोर बनाउँदै लगेको छ। यसको हल हामीले सामाजिक न्यायको प्रत्याभूति, समतामूलक अवसरको वितरण र नागरिकमा आशा जगाउने रचनात्मक संवादबाट खोज्नुपर्दछ।

## ५. संकट समाधानमा नेपाली कांग्रेसको अपरिहार्यता

मुलुकमा विद्यमान राजनीतिक, आर्थिक र सामाजिक संकटको बहुआयामिक दुष्चक्रबाट नेपाललाई बाहिर निकाल्न वैचारिक स्पष्टता, गौरवपूर्ण इतिहास र अन्तर्राष्ट्रिय विश्वसनीयता बोकेको परिपक्व लोकतान्त्रिक शक्तिको खाँचो छ। नियन्त्रणमुखी र आवेगपूर्ण चञ्चलताले मुलुकलाई समाधान होइन,  थप संकट र अस्थिरताको भुमरीमा धकेल्ने निश्चित छ। त्यसैले, यस्तो जटिल मोडमा मुलुकका सबै राजनीतिक र सामाजिक शक्तिलाई विश्वासमा लिएर राष्ट्रलाई निकास दिन सक्ने सामर्थ्य नेपाली कांग्रेससँग मात्र छ। क्षयीकृत हुँदै गएका लोकतान्त्रिक संस्थाहरूलाई पुनर्जीवन दिँदै सुशासन प्रत्याभूत गर्न, निजी क्षेत्रको नेतृत्वमा आर्थिक रूपान्तरणको महाअभियान छेडेर रोजगारी सिर्जना गर्न र सामाजिक सुधारमार्फत खल्बलिएको आपसी विश्वास एवं भ्रातृत्वलाई पुनः सुदृढ तुल्याउन कांग्रेसको उदार नीति, सुस्पष्ट दृष्टिकोण र परिपक्व नेतृत्व आजको ऐतिहासिक अपरिहार्यता हो।

## ६. कांग्रेसका मूलभूत सिद्धान्तहरूको समसामयिक पुनर्व्याख्या

नेपाली कांग्रेसका तीन आधारस्तम्भ; राष्ट्रियता, लोकतन्त्र र प्रजातान्त्रिक समाजवादको सान्दर्भिकता आजको संशयपूर्ण समयमा अझ प्रखर भएर गएको छ। तर, बदलिँदो युगचेतना र २१औँ शताब्दीको आवश्यकता अनुरूप हाम्रा मूलभूत सिद्धान्तहरूलाई समयानुकूल परिमार्जन, परिष्कृत र पुर्नव्याख्या  गर्नु हाम्रो कार्यभार हो।

### ६.१ राष्ट्रियता: देश र सार्वभौमसत्ता सर्वोपरि

नेपाली कांग्रेस मुलुकको राष्ट्रियता र स्वाधीनताप्रति अविचलित शक्ति हो। आफ्नो स्थापनाकालदेखि नै कांग्रेसले लिएका हरेक दूरगामी निर्णयहरूको केन्द्रमा दलगत वा सत्ताको स्वार्थभन्दा माथि देशको भौगोलिक अखण्डता, सार्वभौमसत्ता र राष्ट्रिय हित रहँदै आएको छ र भविष्यमा पनि रहनेछ।

नेपालको भू-राजनीतिक संवेदनशीलता हाम्रो स्थायी यथार्थ हो; हामी भूगोल बदल्न सक्दैनौँ तर विवेकपूर्ण र परिपक्क कूटनीतिबाट यसको कुशल व्यवस्थापन भने गर्न सक्छौँ। हाम्रा छिमेकी तथा मित्रराष्ट्रहरूसँग राष्ट्रिय सहमतिका आधारमा आफ्ना अडान र प्राथमिकताबारे स्पष्ट संवाद गर्ने सामर्थ्य विकास गर्नुपर्छ। बदलिएको विश्व परिवेशमा राष्ट्रिय स्वार्थलाई सर्वोपरि राख्दै उच्च आत्मविश्वास, सक्रिय र सन्तुलित परराष्ट्र नीति अख्तियार गर्नु आजको मुख्य कार्यभार हो।

### ६.२ लोकतन्त्र: नागरिक अधिकार र वैयक्तिक स्वतन्त्रतामा प्रतिबद्धता

नागरिक अधिकार र लोकतन्त्रको बहाली नै नेपाली कांग्रेसको जन्मको मूल ध्येय हो। नागरिक स्वतन्त्रता, मानवअधिकार, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका र विधिको शासन हाम्रो राजनीतिक दर्शन हो। व्यक्तिको नैसर्गिक स्वतन्त्रता र अधिकारमाथि राज्य वा कुनै पनि प्राधिकारले अंकुश लगाउन पाउँदैन भन्ने मान्यतामा कांग्रेसले कहिल्यै र कुनै पनि शर्तमा सम्झौता गरेको छैन र गर्नेछैन। जब नागरिकले भयमुक्त र स्वतन्त्र वातावरण पाउँछन् तब मात्र मानवीय चेतना, नवप्रवर्तन, उद्यमशीलता र सृजनशीलताको प्रस्फुटन सम्भव हुन्छ।

### ६.३ प्रजातान्त्रिक समाजवादको पुर्नव्याख्या

जननायक बीपी कोइरालाले तत्कालीन परिवेशमा प्रतिपादन गर्नुभएको प्रजातान्त्रिक समाजवादको अवधारणा समयसँगै गतिशील हुदै जाने वैज्ञानिक र युगान्तकारी दर्शन हो। आजको भूमण्डलीकरण, खुला बजार अर्थतन्त्र र प्रविधिको युगमा बीपीको त्यही वैचारिक जगमा उभिएर समाजवादलाई समसामयिक परिष्कार गर्नु हाम्रो दायित्व हो। आजको सन्दर्भमा हामीले अंगीकार गर्ने आर्थिक कार्यदिशा पुजीको निर्माण, लगानीको वातावरण, उत्पादन र उत्पाकत्व वृद्धिबाट समृद्ध मुलुक र त्यसको वैज्ञानिक बाडफाटबाट समुन्नत नेपाल निर्माण गर्नु हो । मुलुकमा पुँजी निर्माण र सम्पत्तिको सिर्जना नभएसम्म गरिबी, बेरोजगारी र असमानताको अन्त्य सम्भव छैन।

कांग्रेसले अभ्यास गर्ने समाजवाद र अन्य दलले भन्ने समाजवादबीचको तात्त्विक भिन्नतालाई हामीले नागरिकमाझ प्रष्ट पार्नैपर्छ। कांग्रेसको समाजवादले निजी क्षेत्रको नेतृत्वमा लगानी प्रवर्द्धन, तीव्र औद्योगीकरण, उत्पादन र उत्पादकत्व वृद्धि तथा व्यापक रोजगारी सिर्जनाको बाटो समात्छ। यस प्रक्रियामा राज्यले नियन्त्रक होइन, कुशल नियामक र सहजकर्ताको भूमिका खेल्छ। यसरी सिर्जित राष्ट्रिय पुँजी र आर्थिक प्रतिफललाई लोककल्याणकारी राज्यको अवधारणा अनुरूप गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य र सामाजिक सुरक्षामार्फत समाजका सीमान्तकृत, अशक्त र विपन्न वर्गको उत्थानमा परिचालन गरिनुपर्दछ। बीपीको विचारलाई २१औँ शताब्दी अनुकूल बनाउँदै "गतिशील निजी क्षेत्र र लोककल्याणकारी राज्य" बीचको यही वैज्ञानिक संयोजन नै नेपाली कांग्रेसको वास्तविक समाजवाद हो। यसका लागि लगानीमैत्री कानुनी एवं संस्थागत सुधार गर्दै उत्पादन वृद्धि र सामाजिक न्यायलाई सँगसँगै अघि बढाउने "दोस्रो पुस्ताको आर्थिक सुधार" थालनी गर्नु आजको हाम्रो मुख्य कार्यभार हो।

## ७. सांगठनिक रूपान्तरण

नेपाली कांग्रेसलाई सम्पूर्ण पार्टी सदस्य, समर्थक र शुभेच्छुकहरूको साझा भावना र सपना अटाउने जीवन्त, सुदृढ र गतिशील संस्थाका रूपमा विकास गर्न सांगठनिक संरचनामा समयसापेक्ष सुधार आवश्यक छ। लामो राजनीतिक यात्राका क्रममा निर्माण भएका आन्तरिक समूहगत संकीर्णताहरूभन्दा माथि उठेर पार्टीलाई पूर्णतः विचार, विधि र पद्धतिप्रधान बनाउनु आजको आवश्यकता हो। लोकतान्त्रिक पार्टीभित्रको वैचारिक विविधता र स्वस्थ बहस हाम्रो अमूल्य सम्पत्ति हो। यही विविधतालाई संस्थागत ऊर्जामा रूपान्तरण गर्दै व्यक्तिगत वा समूहगत स्वार्थभन्दा पार्टीको बृहत्तर हित र सामूहिक स्वामित्वलाई बलियो बनाउन देहायका प्रस्तावहरू अघि सारेको छु:

### ७.१ प्राइमरी इलेक्सन (प्रारम्भिक निर्वाचन प्रणाली)

नेपाली कांग्रेसलाई अझ जनमुखी, ऊर्जाशील र लोकप्रिय बनाउन भुइँतहमा अहोरात्र खटिने पार्टी सदस्य, निष्ठावान् कार्यकर्ता र शुभेच्छुकहरूको भावनालाई निर्णय प्रक्रियाको केन्द्रमा राखिनुपर्दछ। पार्टीको आन्तरिक नेतृत्व चयनमा होस् वा स्थानीय, प्रादेशिक र संघीय निर्वाचनमा पार्टीका तर्फबाट उम्मेदवार (जनप्रतिनिधि) तय गर्दा होस् 'प्राइमरी इलेक्सन' (प्रारम्भिक निर्वाचन प्रणाली) को अभ्यासलाई संस्थागत गरिनुपर्दछ।

मैले विद्यार्थी राजनीतिको कालखण्डदेखि नै पार्टीभित्र आन्तरिक लोकतन्त्रको सुदृढीकरणका लागि प्राइमरी इलेक्सनको अवधारणा अघि सार्दै आएको छु। नेतृत्व चयन र अवसरको वितरणलाई सीमित घेराबाट बाहिर निकालेर आम सदस्यको अभिमतमा आधारित बनाउँदा पार्टीभित्र न्याय र समानताको अनुभूति हुन्छ। नागरिकको सुख-दुःखमा एकाकार भएको, इमानदार र आम सदस्यको विश्वास जितेको व्यक्ति नै स्वचालित प्रणालीबाट पार्टीको उम्मेदवार बन्ने परिपाटीले संगठनमा अभूतपूर्व उत्साह र एकताको सञ्चार गर्दछ। जब पार्टी सदस्यहरूले आफ्नो नेता र जनप्रतिनिधि आफैँ छान्न पाउँछन् तब निर्वाचनमा पार्टीको विजय सुनिश्चित मात्र हुँदैन, निर्वाचित नेतृत्वसमेत पार्टी सदस्य र आम नागरिकप्रति सदैव उत्तरदायी रहने उच्च लोकतान्त्रिक संस्कृतिको विकास हुन्छ।

### ७.२ भ्रातृ तथा शुभेच्छुक संस्थाहरूको नियमित अधिवेशन र गतिशीलता

नेपाल विद्यार्थी संघ, नेपाल तरुण दल, नेपाल महिला संघ लगायतका भ्रातृ तथा शुभेच्छुक संस्थाहरू नेपाली कांग्रेसका वैचारिक नर्सरी र संगठन विस्तारका आधारस्तम्भ हुन्। मुलुकका हरेक लोकतान्त्रिक आन्दोलन र सामाजिक रूपान्तरणमा यी संस्थाहरूले खेलेको भूमिका गौरवपूर्ण छ। यद्यपि, पछिल्लो समय आवधिक अधिवेशनहरू नियमितरुपमा सम्पन्न हुन नसक्दा र संक्रमणकालीन व्यवस्थापन लम्बिन जाँदा भुइँतहमा संगठनको गतिशीलता र नयाँ नेतृत्व विकासको स्वाभाविक प्रक्रियामा शिथिलता देखिएको यथार्थलाई हामीले आत्मसात् गर्नुपर्दछ। समाजका जल्दाबल्दा मुद्दा र नागरिक सरोकारका विषयमा कांग्रेस जस्तो लोकतान्त्रिक शक्तिको अग्रसरता सदैव अग्रपंक्तिमा देखिनुपर्दछ।

तसर्थ, सबै तहका भ्रातृ तथा शुभेच्छुक संस्थाहरूको निश्चित समयसीमाभित्रै आवधिक अधिवेशन सम्पन्न हुने, लोकतान्त्रिक विधिबाट नेतृत्व चयन गरिने र तिनलाई नीतिगत रूपमा स्वायत्त एवं कार्यमूलक बनाउने स्पष्ट वैधानिक कार्यतालिका बनाइ हामीले लागू गर्नुपर्दछ। यसले नवीन सोच, ऊर्जा र चेतना बोकेका नयाँ पुस्ताका साथीहरुलाई पार्टीको मूल प्रवाहमा आबद्ध गर्दै नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको राजमार्गलाई सहज बनाउनेछ ।

## ८. विगतका अभ्यासहरूको आत्मसमीक्षा र नवीन संकल्प

गौरवशाली इतिहास र अनेकौँ युगान्तकारी उपलब्धिका बीच लामो राजनीतिक यात्रामा हामीबाट नीतिगत र व्यावहारिक तहमा केही कमजोरीहरू पनि भएका छन्। आफ्ना कमजोरीहरूलाई विनम्रतापूर्वक स्वीकार गर्दै तिनबाट पाठ सिक्नु र आफूलाई निरन्तर परिष्कृत गर्नु नै उच्च लोकतान्त्रिक संस्कारको पहिचान हो। विगतका अनुभवहरूको वस्तुपरक आत्मसमीक्षा गर्दै आगामी दिनमा अझ परिपक्व र स्पष्ट भएर अघि बढ्ने संकल्प आजको आवश्यकता हो:

**मौलिक विचार र पार्टीका एजेन्डा:** लामो राजनीतिक संक्रमणको व्यवस्थापन र राष्ट्रिय सहमति निर्माण गर्ने ऐतिहासिक जिम्मेवारी निर्वाह गर्ने क्रममा कतिपय सन्दर्भमा हामीले अन्य राजनीतिक धारका एजेन्डाहरूलाई समेत समायोजन गर्नुपर्‍यो। यस क्रममा परिवर्तनका कतिपय असान्दर्भिक भाष्यहरूमा अलमलिँदा नागरिक स्वतन्त्रता र आर्थिक अभ्यासको हाम्रो मौलिक बाटो केही ओझेलमा पर्न गयो। अब नेपाली कांग्रेस आफ्ना मौलिक सिद्धान्त, पहिचान र दूरदृष्टिका साथ राष्ट्रको नेतृत्व गर्न पूर्णतः स्पष्ट र प्रतिबद्ध रहनुपर्दछ।

**लोकतान्त्रिक मूल्य र वैचारिक विशिष्टता:** नेपालका ठूला राजनीतिक परिवर्तनहरूमा विभिन्न शक्तिहरूसँग सहकार्य र सहयात्रा गर्दै गर्दा नेपाली कांग्रेसको उदार लोकतान्त्रिक दर्शन र अन्य दलहरूको नियन्त्रणमुखी सोचबीचको तात्त्विक भिन्नता नागरिक तहमा पर्याप्त रूपमा बुझाउन सकिएन। वैयक्तिक स्वतन्त्रता, विधिको शासन, बहुलवाद र शक्ति पृथकीकरणमा अटल विश्वास राख्ने कांग्रेसको विशिष्ट पहिचानलाई अझ प्रखर र सुस्पष्ट बनाउँदै “सबै राजनीतिक दल उस्तै हुन्” भन्ने आम भ्रमलाई व्यवहार र विचार दुवैबाट चिर्नु हाम्रो आजको कार्यभार हो।

**उत्पादनमुखी र लोककल्याणकारी आर्थिक दृष्टिको स्पष्टता:** निजी क्षेत्रको प्रोत्साहन, वैयक्तिक सम्पत्तिको सुरक्षा र तीव्र पुँजी निर्माणको जगमा मात्र दिगो लोककल्याणकारी राज्य निर्माण गर्न सकिन्छ भन्ने कांग्रेसको आर्थिक दर्शन हो। विगतमा उत्पादन र लगानी वृद्धिको यस मौलिक धरातलभन्दा वितरणमुखी लोकप्रियताको भाष्य हाबी हुँदा हाम्रो आर्थिक विशिष्टता प्रष्ट हुन सकेन र मुलुकमा आर्थिक गतिविधिहरू संकुचित हुन पुगे। संविधानमा उल्लेखित “समाजवाद” को वास्तविक अर्थ गरिबीको वितरण होइन, उद्यमशीलता र समृद्धिसहितको सामाजिक न्याय हो भन्ने सत्यलाई अब नेपाली कांग्रेसले नीति र कार्यक्रममार्फत स्थापित गर्नु पर्दछ।

**नागरिकको भावना र भुइँतहसँगको जीवन्त सम्बन्ध:** राजनीतिको मूल ध्येय नागरिकको सेवा र राष्ट्रको समुन्नति हो। संविधान निर्माण र सत्ता व्यवस्थापनका जटिल राजनीतिक प्रक्रियाहरूमा नेतृत्वको अधिक समय व्यतीत हुँदा नागरिकका दैनिक सरोकार र भुइँतहको जनभावनासँग पार्टीको जीवन्त संवादमा केही दूरी बढ्न पुग्यो। हिजो नागरिकको आँगन, माटो र भावनासँग एकाकार भएर निर्णय लिने कांग्रेसको त्यही गौरवशाली परम्परालाई पुनर्जागृत गर्दै पार्टीलाई पुनः जनताको सुख-दुःखको साथी बनाउने हाम्रो दृढ अठोट हुनुपर्दछ।

**वैचारिक स्वाभिमान र स्वस्थ राजनीतिक प्रतिस्पर्धा:** राजनीतिक स्थायित्व र विशेष परिस्थितिको आवश्यकता भन्दै विगतमा फरक राजनीतिक दर्शन बोकेका शक्तिहरूसँग गरिएका चुनावी तालमेल र गठबन्धनहरूले पार्टीको वैचारिक स्पष्टता र सांगठनिक आत्मविश्वासमाथि थुप्रै प्रश्न उठे। यस्ता अभ्यासले राजनीतिक दलहरू केवल सत्ता र शक्तिका लागि मात्र निर्देशित हुन्छन् कि भन्ने संशय नागरिकमा पैदा

गर्‍यो। विगतको यो अनुभवबाट शिक्षा लिँदै अब नेपाली कांग्रेस आफ्नै विचार, कार्यक्रम र सांगठनिक सामर्थ्यको बलमा जनताको विश्वास जितेर एक्लै प्रतिस्पर्धा गर्ने स्वाभिमानी र परिपक्व मार्गमा अग्रसर हुनुपर्दछ।

तसर्थ, विगतका यी अनुभव र शिक्षाहरूलाई आत्मसात् गर्दै नेपाली कांग्रेसलाई वैचारिक रूपले अझ सुस्पष्ट, सांगठनिक रूपले सबल र नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको भरोसायोग्य लोकतान्त्रिक शक्तिका रूपमा पुनर्जागृत गर्नु नै हाम्रो आजको मुख्य कार्यभार हो।

## ९. परिपक्व कूटनीति

### ९.१ भू-राजनीतिक महत्त्व र बहुध्रुवीय विश्व परिवेश

नेपाल दुई विशाल उदीयमान आर्थिक तथा राजनीतिक शक्तिहरू; भारत र चीनको बीचमा अवस्थित एक सार्वभौम राष्ट्र हो। वर्तमान विश्व व्यवस्था तीव्र रूपान्तरणसँगै बहुध्रुवीय संरचनातर्फ अग्रसर भइरहेको छ। संयुक्त राज्य अमेरिका, चीन, भारत र युरोपेली संघ लगायतका विश्व शक्तिहरूको बढ्दो चलायमानताले अन्तर्राष्ट्रिय सम्बन्धमा नयाँ आयामहरू थपेको छ जसको स्वाभाविक प्रभाव नेपालको भू-राजनीतिमा पनि परिरहेको छ। बदलिँदो विश्व शक्तिको यस्तो गतिशील परिवेशलाई उच्च सतर्कता, रणनीतिक दूरदृष्टि र परिपक्व कूटनीतिका माध्यमबाट राष्ट्रको हितमा सदुपयोग गर्नु आजको आवश्यकता हो।

### ९.२ "नेपाल मैत्री" परराष्ट्र नीति र राष्ट्रिय सहमतिको संस्कृति

अन्तर्राष्ट्रिय सम्बन्धको आजको संवेदनशील घडीमा नेपाल कुनै पनि छिमेकी वा शक्ति राष्ट्रको रणनीतिक वा सुरक्षा छाताभित्र नरही स्वतन्त्र र सन्तुलित मार्गमा अडिग रहनुपर्दछ। हाम्रो परराष्ट्र नीति विशुद्ध "नेपाल मैत्री" र राष्ट्रिय हितकेन्द्रित हुनुपर्दछ। सार्वभौम समानता, पारस्परिक सम्मान र विश्वबन्धुत्वको जगमा उभिएर हामी निम्न प्राथमिकताका साथ अघि बढनुपर्दछ :

**गतिशील आर्थिक पुलको निर्माण:** नेपालले आफ्नो विशिष्ट भूराजनीतिक अवस्थितिलाई अवसरमा बदल्दै दुई विशाल उदीयमान आर्थिक शक्तिहरूबीच एक "गतिशील आर्थिक पुल" का रूपमा कार्य गर्नु पर्दछ। छिमेकी राष्ट्रहरूले हासिल गरेको तीव्र आर्थिक प्रगति, नवीन प्रविधि र विशाल बजारबाट नेपालले अधिकतम आर्थिक लाभ लिन सक्ने उच्च कूटनीतिक कौशल र साझेदारीता प्रदर्शन गर्नुपर्दछ।

**परराष्ट्र नीतिमा राष्ट्रिय सहमति र स्थिरता:** राष्ट्रिय हित र परराष्ट्र सम्बन्ध जस्ता दूरगामी महत्त्वका विषयमा देशका सबै राजनीतिक दलहरूबीच न्यूनतम राष्ट्रिय सहमति र साझा दृष्टिकोण हुनु अनिवार्य छ। सरकार परिवर्तन भएसँगै कूटनीतिक प्राथमिकता फेरिने प्रवृत्तिको अन्त्य गर्दै राष्ट्र र राष्ट्रियतालाई सर्वोपरि राखेर परराष्ट्र नीतिमा परिपक्वता र निरन्तरता कायम गरिनुपर्दछ।

तसर्थ, भू-राजनीतिक संवेदनशीलतालाई उच्च परिपक्वताका साथ व्यवस्थापन गर्दै राष्ट्रिय सहमति र आर्थिक कूटनीतिका माध्यमबाट विश्व मञ्चमा नेपालको सार्वभौम साख, स्वाभिमान र समृद्धिको आकांक्षालाई मजबुत बनाउनु नै हाम्रो कार्यभार हो।

## १०. नवयुवा जागरण, सुशासन र समृद्धिको खाका

नेपालका हरेक युगान्तकारी राजनीतिक तथा सामाजिक परिवर्तनको अग्रमोर्चामा सदैव युवा पुस्ताको व्यापक संलग्नता अदम्य साहस, ऊर्जा र बलिदान रहँदै आएको छ। आजको प्रविधिमैत्री र विश्वपरिवेशसँग जोडिएको नवयुवा पुस्ताले राजनीतिक अधिकारको जगमा अब सुशासन, पारदर्शिता र आफ्नै माटोमा सम्मानजनक भविष्यको सुनिश्चितता खोजिरहेको छ। यसै पृष्ठभूमिमा, गत भदौ २३ र २४ गते प्रकट भएको युवा विद्रोह र जागरणलाई नेपाली कांग्रेसले सामान्य घटनाका रूपमा मात्र नलिई समकालीन नेपाली राजनीतिको एक ऐतिहासिक मोडका रूपमा ग्रहण गरेको छ।

### १०.१ युवा भावनाको उच्च सम्मान र विधिको शासन

भदौ २३ गते मुलुकमा सुशासन र जवाफदेहिताको माग गर्दै युवा पुस्ताले अघि सारेका सरोकारहरू समग्र राष्ट्रकै साझा विषय हुन्। नागरिक चेतना र युवा खबरदारीलाई सदैव सकारात्मक ऊर्जा ठान्ने नेपाली कांग्रेसका लागि त्यस दिन उठाइएका रचनात्मक मुद्दाहरू आगामी यात्राका मार्गदर्शन हुन्। विशेष महाधिवेशनमार्फत हामीले ती भावनालाई विधिवत् आत्मसात् गरिसकेका छौँ र यस १५औँ महाधिवेशनबाट तिनलाई पार्टीको नीति तथा कार्यक्रममा अझ घनीभूत ढङ्गले अंगीकार गर्नेछौँ।

त्यो युवा विद्रोह कुनै संकीर्ण राजनीतिक स्वार्थबाट नभई मुलुकमा विद्यमान बेथिति र सुशासनको अभाव अन्त्य गर्दै रोजगारीको सिर्जना, आम्दानीमा वृद्धि, विधिको शासन र तीव्र आर्थिक समृद्धि हासिल गर्ने पवित्र भावनाबाट प्रेरित थियो। नवयुवाहरूको यस आकांक्षाको उच्च प्रशंसा गर्दै युवा पुस्ताले दिएको सुधार र रूपान्तरणको जनादेशलाई कदर साथ कार्यान्वयन गर्न नेपाली कांग्रेस पूर्णतः प्रतिबद्ध छ।

लोकतान्त्रिक पद्धतिमा नागरिकको शान्तिपूर्ण अभिव्यक्ति र जीवनको रक्षा राज्यको सर्वोच्च दायित्व हो। भदौ २३ गतेको प्रदर्शनका क्रममा राज्यका तर्फबाट भएको बल प्रयोग र कैयौँ होनहार युवाहरूको दुःखद निधनको सत्यतथ्य पहिचान गरी जिम्मेवार पक्षलाई कानूनी जवाफदेहिताको दायरामा ल्याइनुपर्दछ। त्यस्तै, भदौ २३ को संवेदनशील परिस्थितिलाई आड बनाएर भदौ २४ गते घटाइएका अवाञ्छित र विध्वंसात्मक गतिविधिहरू सभ्य र लोकतान्त्रिक समाजको मर्यादाविपरीत भएकाले त्यसको  निष्पक्ष छानबिन गरी दोषीलाई कानूनी दायरामा ल्याउनु अपरिहार्य छ।

ती दुवै दिनका घटनाहरूको निष्पक्ष न्यायिक छानबिन र कानूनी निरूपणले मात्र समाजमा न्याय र विधिको शासनप्रतिको भरोसा बलियो बनाउँछ। कानूनको सर्वोच्चता कायम राख्दै अराजक प्रवृत्तिलाई निरुत्साहित गर्नु नै लोकतन्त्रको जग सुदृढ बनाउने र भविष्यमा मुलुकलाई सम्भावित जोखिमहरूबाट जोगाउँदै शान्ति, स्थायित्व र समृद्धिको मार्गमा अघि बढाउने एकमात्र लोकतान्त्रिक विधि हो।

### १०.२ युवा पुस्ताकेन्द्रित केहि नीति तथा कार्यक्रमहरू

नेपाली कांग्रेसको यस १५औँ महाधिवेशनले युवा पुस्ताका भावना र आकांक्षालाई सम्बोधन गर्ने गरी ठोस नीतिगत तथा कार्यक्रमगत निर्णयहरू लिनुपर्दछ। युवाबहुल मुलुक नेपालमा जसले बदलिँदो युवा मनोविज्ञान र सपनालाई आत्मसात् गर्छ, उसैले नै पार्टी र राष्ट्रको सार्थक नेतृत्व गर्न सक्छ भन्ने यथार्थलाई हामीले गम्भीरतापूर्वक बुझ्नुपर्दछ।

**उद्यमशीलता र स्टार्टअप:** युवाहरूलाई रोजगारी खोज्ने मात्र होइन, रोजगारी सिर्जना गर्ने स्वाभिमानी उद्यमीका रूपमा विकास गर्नुपर्दछ। नवीन सोच र व्यावसायिक योजना भएका युवाहरूलाई बिनाधितो एवं सहुलियतपूर्ण ब्याजदरमा पुँजी उपलब्ध गराउन वृहत् "स्टार्टअप फन्ड" र अन्य वित्तीय सहायतका उपकरणहरु अभ्यासमा ल्याउनु पर्दछ । युवा उद्यम प्रवर्द्धनका लागि राज्य स्वयं सहयोगी बस्ने नीतिगत प्रबन्ध गरिनुपर्दछ।

**शिक्षामा सूचना प्रविधि (IT) र कृत्रिम तथा सुपर इन्टेलिजेन्स (AI/SI) को विकास:** परम्परागत र सैद्धान्तिक शिक्षा प्रणालीलाई आमूल रूपान्तरण गर्दै विद्यालय तहदेखि नै सूचना प्रविधि, कोडिङ, आर्टिफिसियल इन्टेलिजेन्स (AI) र सुपर इन्टेलिजेन्स (SI) जस्ता आजका नविन ज्ञानका क्षेत्र सम्बन्धी व्यावहारिक एवं प्राविधिक शिक्षा अनिवार्य गर्दै नेपाली युवालाई विश्व बजारमा उच्च आत्मविश्वासका साथ प्रतिस्पर्धा गर्न योग्य बनाउन सक्ने योजना हामीलाई आवश्यक छ।

**डिजिटल अर्थतन्त्र र फ्रिल्यान्सिङको प्रवर्द्धन:** नेपाललाई विश्वव्यापी "डिजिटल हब" का रूपमा विकास गर्न नीति र पूर्वाधारमा सुधार गरिनु पर्दछ । स्वदेशमै बसेर अन्तर्राष्ट्रिय कम्पनी र बजारमा सेवा प्रदान गर्ने फ्रिल्यान्सर, सफ्टवेयर डेभलपर र डिजिटल सेवा प्रदायक युवाहरूका लागि कानूनी सहजीकरण, उच्च गतिको इन्टरनेट पूर्वाधार र अन्तर्राष्ट्रिय भुक्तानी (डलर खाता एवं गेटवे) प्रक्रियालाई सरल र झन्झटमुक्त बनाइने तर्फ ध्यान दिनु पर्दछ ।

**योग्यतामा आधारित प्रणालीको स्थापना:** सार्वजनिक सेवा, राजनीतिक तथा संवैधानिक नियुक्ति, विश्वविद्यालय र राज्यका हरेक अवसरहरूमा नातावाद वा कृपावाद होइन, "मेरिटोक्रेसी" (योग्यता प्रणाली) लागू गरिनुपर्दछ। क्षमतावान् र प्रतिभाशाली युवाले आफ्नै माटोमा आफ्नो योग्यताको उच्च कदर हुने विश्वासिलो वातावरण निर्माण गरिनुपर्दछ।

**नीति निर्माण र राज्य संयन्त्रमा युवा सहभागिता:** राज्यका नीति निर्माणका तहहरूमा युवाहरूको अर्थपूर्ण र सम्मानजनक प्रतिनिधित्व सुनिश्चित गर्दै उनीहरूलाई राजनीतिक र प्रशासनिक नेतृत्वको मूल प्रवाहमा क्रियाशील हुने अवसर दिइनु पर्दछ ।

**पार्टीमा युवा नेतृत्व र नीतिगत हस्तक्षेप:** नेपाली कांग्रेसले युवाहरूलाई केवल संगठनको सहयोगी मात्र होइन, मुख्य जिम्मेवारी र नेतृत्वको साझेदार बनाउनेछ। पार्टीका हरेक तहमा युवा सहभागिता सुनिश्चित गर्नुका साथै युवा पुस्ताको भावना र युगको माग अनुकूलका राष्ट्रिय नीतिहरू निर्माण गर्न नेपाली कांग्रेस क्रियाशील रहनेछ।

## ११. संविधान र शासकीय स्वरूपमा समयसापेक्ष सुधार

नेपाली कांग्रेसकै ऐतिहासिक नेतृत्वमा जारी भएको नेपालको संविधान एक गतिशील र जीवन्त दस्तावेज हो। लोकतन्त्रको सुदृढीकरण, शासकीय सुधार र प्रभावकारी सेवा प्रवाहका लागि नागरिकको चाहना तथा मुलुकको आवश्यकता बमोजिम राष्ट्रिय सहमतिमा संविधानको समयसापेक्ष संशोधनको नेतृत्व नेपाली कांग्रेसले लिनेछ। संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासका क्रममा देखिएका व्यावहारिक जटिलताहरूलाई सम्बोधन गर्दै शासन प्रणालीलाई अझ छरितो, जनमुखी र परिणाममुखी बनाउन मैले निम्न सुधारका प्रस्तावहरू अघि सारेको छु:

**समावेशी र मितव्ययी निर्वाचन प्रणाली:** प्रत्यक्ष निर्वाचन प्रणालीकै माध्यमबाट महिला, दलित, जनजाति, मधेसी लगायत सबै वर्ग, लिङ्ग, क्षेत्र र समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने गरी निर्वाचन

क्षेत्र र प्रणालीको वैज्ञानिक व्यवस्थापन गरिनुपर्दछ। प्रतिनिधि सभाको सदस्य संख्या पुनरावलोकन गर्दै राष्ट्रिय सभाको सदस्य संख्यालाई पनि केही कटौती गरी छरितो बनाइनु पर्दछ। साथै, भड्किलो र महँगो निर्वाचन प्रणालीले सिर्जना गरेका विकृतिहरू अन्त्य गर्न राजनीतिक दलहरूलाई उनीहरूले प्राप्त गरेको मतभारका आधारमा राज्यकोषबाट पारदर्शी रूपमा निर्वाचन खर्च उपलब्ध गराउने नीति लागू गरिनुपर्दछ।

**स्थानीय तहको पुनर्संरचना र वडाकेन्द्रित सेवा प्रवाहः** प्रशासनिक खर्च घटाई विकास बजेट बढाउन हालको स्थानीय तहको संख्या कम गर्न वृहत अध्ययन गर्ने ॥ भूगोल र जनसंख्याको आवश्यकता अनुसार वडाहरूको संख्या थप गरी प्रत्येक वडालाई पूर्ण अधिकारसम्पन्न "नागरिक सेवा केन्द्र" का रूपमा विकास गरिनुपर्दछ । नागरिकलाई आवश्यक पर्ने प्रायः सबै सार्वजनिक सेवाहरू वडा तहबाटै प्राप्त हुने प्रबन्ध मिलाउनु पर्दछ।

**छरितो प्रदेश संरचना र प्रभावकारी अधिकार क्षेत्रः** प्रदेश संरचनालाई मितव्ययी र कार्यमूलक बनाउन प्रदेश सभा सदस्यको संख्यामा कटौती गरिनुपर्दछ र प्रादेशिक मन्त्रिपरिषद्को आकारमा पनि पुनरावलोकन गरिनु पर्दछ । साथै, प्रदेशको संवैधानिक अधिकार क्षेत्रलाई स्पष्ट र थप प्रभावकारी बनाउँदै यसलाइ प्रादेशिक विकासको नेतृत्वकर्ता बनाइनु पर्दछ ।

**जिल्ला समन्वय समितिको पुनरावलोकनः** वर्तमान शासकीय संरचनामा जिल्ला समन्वय समितिको औचित्य, भूमिका र आवश्यकताका सम्बन्धमा वस्तुपरक समीक्षा गरी उपयुक्त नीतिगत निर्णय लिनु पर्दछ।

**आदरणीय महाधिवेशन प्रतिनिधि साथीहरू,**

नेपाली कांग्रेसको यस १५औँ महाधिवेशन केवल एउटा नयाँ कार्यसमिति चयन गर्ने नियमित र प्राविधिक प्रक्रिया मात्र होइन; कांग्रेसको वैचारिक पुनर्जागरण र नेपालको नवीन राजनीतिक युगको सूत्रपात गर्ने ऐतिहासिक प्रस्थानबिन्दु हो। गौरवशाली इतिहासको स्मरणले मात्र वर्तमानका पेचिला चुनौतीहरूको सामना गर्न सकिँदैन। आज हामीले नेपाली कांग्रेसलाई एउटा यस्तो अवस्थामा उभ्याउनु छ, जहाँ अग्रज पुस्ताको त्यागमय अनुभव र परिपक्कताको उच्च सम्मान होस् अनि नयाँ पुस्ताको आधुनिक प्रविधि, नवीन चेतना, ऊर्जा र सपनाको अद्भुत संयोजन होस्। यसका लागि हाम्रो वैचारिक र सांगठनिक संकल्प स्पष्ट छ:

**आर्थिक कार्यदिशामा:** परिपक्व, आधुनिक र व्यावहारिक आर्थिक नीतिको अभ्यास गर्ने । निजी क्षेत्रको नेतृत्वमा तीव्र आर्थिक विकास र लोककल्याणकारी राज्यको अवधारणा अनुसार सुदृढ सामाजिक सुरक्षा सुनिश्चित गर्ने।

**सांगठनिक संरचनामा:** सबै प्रकारका गुटबन्दी र भागबण्डाको अभ्यासलाई समूल अन्त्य गर्दै भुइँतहका आम पार्टी सदस्यलाई निर्णायक शक्ति प्रदान गर्ने "प्राइमरी इलेक्सन" र विधि-पद्धतिप्रधान पार्टीको निर्माण।

**सुशासन र राज्य सञ्चालनमा पारदर्शिताः** भ्रष्टाचारमा शून्य सहनशीलता, योग्यता प्रणालीको पूर्ण कार्यान्वयन, मितव्ययी शासकीय संरचना र युवा पुस्ताको सम्मानजनक हिस्सेदारी।राज्यका हरेक क्रियाकलापको पारदर्शिता र जवाफदेहिताको सुनिश्चिततालाई न्यूनतम शर्तका रुपमा लिने ।

## १२. मेरो बुझाइमा नेपाली कांग्रेसको आगामी कार्यभार

**माथिका मेरो दृष्टिकोणलाइ संक्षेपीकरण गर्दै आदरणीय महाधिवेशन प्रतिनिधि साथिहरुसंग विनम्रताका**

साथ अनुरोध गर्न चाहन्छु :-

नेपाली कांग्रेस कुनै व्यक्ति, गुट वा अमुक पुस्ताको मात्र पार्टी होइन; आठ दशकभन्दा लामो राजनीतिक यात्रा, लोकतान्त्रिक संघर्ष र हजारौँ सहिद तथा योद्धाहरूको त्यागमय बलिदानबाट सिञ्चित ऐतिहासिक राजनीतिक विरासत हो। हामी प्रत्येक सदस्य त्यही गौरवशाली त्यागका उत्तराधिकारी हौँ। हाम्रो काँधमा यस विरासतलाई अझ सुदृढ बनाएर भावी पुस्तालाई हस्तान्तरण गर्नुपर्ने गहन दायित्व छ। यति लामो यात्रामा एकताबद्ध कांग्रेसले सधैँ इतिहास रचेको छ । कांग्रेस कमजोर हुँदा सिङ्गो मुलुकले नै मूल्य चुकाउनुपरेको यथार्थ हाम्रासामु छर्लङ्ग छ। त्यसैले, व्यक्तिभन्दा विचार, गुटभन्दा संगठन र पदभन्दा पार्टीलाई माथि राख्दै आन्तरिक लोकतान्त्रिक बहसलाई संगठन सुदृढीकरणको ऊर्जामा बदल्नु र सबल एवं विधिप्रधान पार्टी निर्माण गर्नु अब नेपाली कांग्रेसको प्राथमिक दायित्व हो।

लोकतन्त्र आवधिक निर्वाचनको प्राविधिक प्रक्रियामा मात्र सीमित हुन सक्दैन। आजको लोकतन्त्र संविधान र विधिको शासनअनुसार चल्ने तथा नागरिकको दैनन्दिन जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउने जीवन्त पद्धति बन्नुपर्दछ। राजनीतिक अधिकार प्राप्तिको संघर्ष पूरा भइसकेको आजको नवीन चरणमा प्रत्येक नागरिकले राज्यबाट सहज न्याय पाउनु, गुणस्तरीय शिक्षा र स्वास्थ्यको प्रत्याभूति हुनु तथा युवाले आफ्नै माटोमा सम्मानजनक रोजगारी र उज्यालो भविष्य देख्न सक्नु नै लोकतन्त्रको वास्तविक सार्थकता हो। त्यसैले, केवल सत्ताको अंकगणितमा सीमित नरही लोकतान्त्रिक संस्थाहरूलाई अझ उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउँदै आम नागरिकको भरोसायोग्य अभिभावक बन्नु नेपाली कांग्रेसको आजको ऐतिहासिक अभिभारा हो।

लोकतन्त्रको विकल्प अझ उन्नत र परिष्कृत लोकतन्त्र हो भन्ने दृढ विश्वासका साथ नागरिकमा देखिएको असन्तुष्टिलाई नेपाली कांग्रेसले आत्मसुधार र नवजागरणको सकारात्मक सन्देशका रूपमा ग्रहण गर्नुपर्दछ। यसका लागि अग्रज पुस्ताको गौरवपूर्ण संघर्षको उच्च सम्मान गर्दै नवीन सोच र ऊर्जा बोकेको युवा पुस्तालाई नीति निर्माण र नेतृत्वको मूल प्रवाहमा स्थापित गर्नु कांग्रेसको कर्तव्य हो। महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, श्रमिक, किसान र प्रवासमा रहेका नेपालीहरूको बदलिँदो आकांक्षालाई पार्टीको मूल राजनीतिक एजेन्डासँग जोड्दै भुइँतहका नागरिकसँग जीवन्त संवाद कायम राख्ने जिम्मेवारी कांग्रेसकै काँधमा आएको छ।

इतिहासका हरेक कठिन मोडमा निरंकुशताविरुद्ध लडेर राजनीतिक निकास र शान्तिको नेतृत्व गरेको नेपाली कांग्रेससामु आज समाजमा व्याप्त निराशा, भ्रम र ध्रुवीकरणलाई चिर्नुपर्ने युगान्तकारी कार्यभार छ। अबको हाम्रो प्रतिस्पर्धा एकअर्कालाई निषेध गर्ने होइन, बरु आफ्नै कमजोरीहरूलाई जितेर सुशासन, पारदर्शिता र आर्थिक समृद्धिको महाअभियानलाई सफल पार्न केन्द्रित हुनुपर्दछ। इतिहास हाम्रो गौरव हो भने भविष्य हाम्रो जिम्मेवारी हो । तसर्थ अतीतको गौरवगाथालाई आत्मसाथ गरेर वर्तमानको कार्यभारलाई कुशलतापूर्वक बहन गर्दै समुन्नत देश निर्माण गर्नु नेपाली कांग्रेसको मूल कर्तव्य हो।

कांग्रेसले नागरिकका असन्तुष्टिलाई आफूलाई सुधार्ने सन्देशका रूपमा बुझ्नुपर्छ। अब हामीले दोषारोपण होइन, आत्मसमीक्षा गर्नु पर्छ हामीले अरूलाई प्रश्न गर्नुअघि आफूलाई पनि प्रश्न गर्नुपर्छ। के कांग्रेसको संगठन नागरिकसँग पर्याप्त जोडिएको छ? के नयाँ पुस्ताले कांग्रेसमा आफ्नो भविष्य देखेको छ? के हाम्रो राजनीति विचार र नीति जन भावनामा आधारित छ? के हामीले कार्यकर्ताको योगदानलाई उचित सम्मान गरेका छौँ? के हामीले नागरिकका दैनिक जीवनका समस्यालाई पर्याप्त प्राथमिकता दिएका छौँ? यी र यस्तै थुप्रै प्रश्न हाम्रा सामु छन्। त्यसैले, यी प्रश्नहरूबाट भागेर कांग्रेस बलियो हुँदैन। हामीले जवाफ दिन

सक्नुपर्छ। आत्मसमीक्षा गर्नु कमजोरी होइन: सुधारको सुरुवात हो।

नेपाली कांग्रेसमा एकता हुनुपर्दछ। कांग्रेसभित्र एकताको अपिल गरिरहँदा कसैले यसलाई आलोचना वा बिमती बन्द गर्ने आह्वान ठान्न हुदैन। म त्यस्तो एकताको पक्षमा छैनँ जहाँ प्रश्न गर्न पाइँदैन। म त्यस्तो एकताको पक्षमा छु जहाँ फरक विचार राख्ने अधिकार सुरक्षित हुन्छ । तर अन्तिम निर्णयपछि पार्टीको सामूहिक जिम्मेवारी स्वीकार गरिन्छ। म त्यस्तो एकताको पक्षमा छु जहाँ नेतृत्वलाई प्रश्न गर्न सकिन्छ तर व्यक्तिगत अपमान गरिँदैन। कांग्रेस भित्र प्रतिस्पर्धा हुन्छ तर प्रतिस्पर्धीलाई शत्रु बनाइँनु हुदैंन। हामीलाई यस्तो कांग्रेस चाहिन्छ जहाँ गुटभन्दा माथि संगठन हुन्छ। जहाँ व्यक्ति भन्दा विचार ठूलो हुन्छ। पदभन्दा पार्टी ठूलो हुन्छ।

अब कांग्रेसले के गर्नुपर्छ?

हामीले केही आधारभूत संकल्प गर्नुपर्छ:

पहिलो:- पार्टीभित्र लोकतान्त्रिक संस्कार बलियो बनाउने।

दोस्रो:- नीति र कार्यक्रमलाई व्यक्तिकेन्द्रित राजनीतिभन्दा माथि राख्ने।

तेस्रो:- युवा पुस्तालाई निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता दिने।

चौथो:- सुशासन, पारदर्शिता र भ्रष्टाचारविरुद्ध स्पष्ट राजनीतिक प्रतिबद्धता कायम गर्ने।

पाँचौं:- रोजगारी, उत्पादन, गुणस्तरीय शिक्षा र स्वास्थ्य तथा आर्थिक अवसरलाई राजनीतिको केन्द्रमा राख्ने।

छैटौं:- संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र, विधिको शासन, स्वतन्त्र न्यायपालिका र नागरिक स्वतन्त्रताको रक्षा गर्ने।

सातौं:- नागरिकसँग निरन्तर संवाद गर्ने र आलोचनाबाट सिक्ने।

र सबैभन्दा महत्वपूर्ण- कांग्रेसभित्रको असहमति कांग्रेसको शक्ति बन्नुपर्छ, विभाजनको कारण होइन।

साथीहरू,

हामीले इतिहासमा धेरै कठिन समय देखेका र भोगेका छौँ। राणा शासनको निरंकुशता थियो—हामी लड्यौँ। प्रजातन्त्र खोसियो- हामी लड्यौँ। पञ्चायत आयो-हामी लड्यौँ। लोकतन्त्र पुनःस्थापित भयो-हामीले संविधान निर्माणको जिम्मेवारी लियौँ। शान्ति प्रक्रियामा चुनौती आयो-हामी संवाद र सहमतिका बाटोमा हिँड्यौँ। आज चुनौतीको स्वरूप फेरिएको छ। अब प्रश्न लोकतन्त्र ल्याउने मात्र होइन, लोकतन्त्रलाई नागरिकको जीवनमा अनुभूति हुने व्यवस्था बनाउने हो। त्यसैले आज हामीले एकअर्कालाई हराउने होइन, आफ्ना कमजोरीलाई हराउने संकल्प गर्नुपर्छ। एकअर्कालाई समाप्त गर्ने होइन, निराशालाई समाप्त गर्ने अभियान चलाउनुपर्छ। पदका लागि होइन, परिवर्तनका लागि प्रतिस्पर्धा गर्नुपर्छ।

म नेपाली कांग्रेसका सबै नेतृत्व पार्टी सदस्य, शुभेच्छुक र लोकतन्त्रमा विश्वास गर्ने सम्पूर्ण साथीहरूलाई आग्रह गर्दछु:

आउनुहोस्, हामी सबैले विगतको योगदानलाई सम्मान गरौँ। वर्तमानको जिम्मेवारी स्वीकार गरौँ र भविष्यका लागि नयाँ कांग्रेस निर्माण गरौँ। हामीभित्र फरक विचार रहोस्। बहस रहोस्। प्रतिस्पर्धा रहोस्।

तर कांग्रेस नटुटोस्। कांग्रेसको एकता कुनै व्यक्तिको राजनीतिक भविष्यको विषय मात्र होइन। यो त लोकतन्त्रको भविष्यसँग जोडिएको विषय हो। आज देशलाई कमजोर कांग्रेस होइन, आफूलाई सुधार्न सक्ने, जनताको कुरा सुन्न सक्ने, लोकतन्त्रको रक्षा गर्न सक्ने र सुन्दर भविष्य सहितको नेपाल निर्माण गर्ने कांग्रेस चाहिएको छ। त्यसैले:

व्यक्ति होइन, विचार रोजौँ।

गुट होइन, संगठन र पार्टी रोजौँ।

मैनता होइन, संवाद रोजौँ।

विभाजन होइन, एकता रोजौँ।

अतीतका योगदानको गर्व गर्दै भविष्य निर्माणको संकल्प गरौँ।

हाम्रो इतिहासले हामीलाई धेरै कुरा दिएको छ। अब हाम्रो पुस्ताको पालो हो। त्यो इतिहासलाई अझ उज्यालो भविष्यमा रूपान्तरण गर्ने।

**अन्त्यमा:** म नेपाली कांग्रेसको महामन्त्री पदको उम्मेदवारका रूपमा पार्टीलाई वैचारिक रूपले सुस्पष्ट, सांगठनिक रूपले सबल एवं एकताबद्ध र कार्यशैलीका हिसाबले गतिशील बनाउने दृढ संकल्प गर्दछु। मैले प्रस्तुत गरेको यस मार्गचित्रले नेपाली कांग्रेसलाई आगामी दिनमा मुलुकको भरोसायोग्य र सर्वाधिक लोकप्रिय राजनीतिक शक्तिका रूपमा स्थापित गर्नेछ।

नयाँ जोश र जाँगरका साथ नेपाली कांग्रेस रुपान्तरणको सपना बाकेर यहाँ सहभागी हुनु भएका र चासोपूर्वक यस महाधिवेशनलाई नियालिरहनुभएका नेपाली कांग्रेसप्रति विश्वास, आशा र भरोसा राख्नुहुने सबै सदस्य तथा सुभेच्छुकहरुलाई आह्वान गर्न चाहन्छु-आउनुहोस्, हामी सबैको सामूहिक विवेक र संकल्पबाट एउटा यस्तो सुदृढ र गतिशील नेपाली कांग्रेस निर्माण गरौँ- जसले राष्ट्रको स्वाभिमानलाई अझ उँचो पार्न सकोस, जसले लोकतन्त्रको निरन्तर रक्षा गर्दै, आर्थिक समृद्धिको महाअभियानको नेतृत्व गर्न सकोस र, युगौँयुगसम्म आम नेपाली नागरिकको मनमा अटल विश्वासको दियो बालिरहन सकोस्।

धन्यवाद !

जय नेपाल !